नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :-
च.नं. :-

# विज्ञप्ति

आज मिति २०८३।०५।१६ गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल (गनेस) ज्यूको समुपस्थितिमा पर्यटन क्षेत्रसँग सम्बद्ध सरोकारवालाहरूसँग बैठक बसी मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको अप्रत्याशित बाढीबाट उत्पन्न विषम परिस्थिति, मानवीय तथा भौतिक क्षति र पर्यटकीय क्षेत्रमा परेको समग्र प्रभाव र तत्काल गर्नुपर्ने कार्यहरूबारे विस्तृत छलफल गरी आवश्यक निर्णय गरियो।

प्रकोपका सम्बन्धमा नेपाल पर्यटन बोर्ड लगायत क्षेत्रगत संघ-संस्थाहरूको सहभागितामा द्रुत प्रतिक्रिया टोली (Quick Response Team) मार्फत प्रभावित पर्यटकको अवस्थाका सम्बन्धमा नियमित सूचना संकलन/प्रवाह र व्यवस्थापनको कार्य भइरहेको साथै प्रकोपका कारण निर्धारित समयमा स्वदेश फर्किन नसकेका विदेशी पर्यटकहरूलाई हवाई टिकट पुर्नतालिकीकरण (Re-scheduling) गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिइएको।

साथै प्रकोपबाट प्रभावित, मृत्यु भएका र सम्पर्कमा आउन नसकेका विदेशी पर्यटकका परिवार तथा आफन्तलाई सही सूचना उपलब्ध गराउन र नेपाल आउन चाहने परिवारजनलाई प्रवेशाज्ञा सहजीकरण गर्न तथा नेपालको उत्तरी सीमा/नाकाहरूबाट आवतजावत गर्ने पर्यटक/तीर्थयात्रीहरुको स्वदेश आगमन सहज बनाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय/पहल भइरहेको।

प्रदेश सरकार/स्थानीय तह, निजी क्षेत्र र पर्यटन सम्बद्ध संघसंस्थाहरूसँगको समन्वय र सहकार्यमा प्रकोप प्रभाव न्यूनीकरण गर्दै पर्यटकीय गतिविधिहरुको पुनरुत्थान, व्यवसायी एवम् श्रमिकको हित संरक्षण र पर्यटन क्षेत्रका गतिविधिलाई सामान्य अवस्थामा फर्काउन समेत मन्त्रालय प्रतिवद्ध रहेको छ।

२०८३ साल भदौ १६ गते मंगलबार
नेपाल संवत् ११४६ गुंलागा चतुर्थी।

(शोभाखर रेग्मी)
सूचना अधिकारी/उपसचिव